# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक ३६, २०७८ चैत २२ मंगलवार (Jhuleni Post Weekly) 05 Apr. 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार

Email : jhulenipyuthan@gmail.com


## स्वर्गद्वारीमा युवा मेयर !

### मौलिक भेषमा सम्पन भो स्वर्गद्वारी नमुना युवा नगरसभा




स्थानीय तह निर्वाचन-२०७९ अब ३२ दिन बाँकी

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट, प्यूठान**

मौलिक भेषमा स्वर्गद्वारी नगरपालिकामा नमुना युवा नगरसभा सम्पन्न भएको छ । युवा नगरसभाले नगरपालिकाको नगर प्रमुखमा बेगम बहादुर रोकालाई निर्वाचित गरेको छ, भने उपप्रमुखमा सरस्वता अधिकारी निर्वाचित भएकी छिन । स्वर्गद्वारी नगरपालिकामा युवाहरुले सञ्चालन गरेको नमुना युवा नगरसभामा उनीहरू निर्वाचित भएका हुन ।

नगरपालिका भित्रका युवाहरुले शैद्धान्तिक र प्रयोगात्मक अभ्यास गर्दै नगरसभा सञ्चालन गरेका थिए। कार्यक्रमका सहभागी युवाहरुलाई तीन दिनसम्म प्रशिक्षण दिएपछि नमुना युवा नगरसभा सञ्चालन गरिएको हो । युवाहरुको सवाल पहिचान र नेतृत्व क्षमताको विकास गर्ने उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको आयोजनकले जनाएको छ। कार्यक्रममा नगरपालिकाका भित्रका १६ वर्षदेखि २४ वर्षसम्मका युवाहरुको सहभागिता रहेको थियो ।

राष्ट्रिय युवा परिषद् जिल्ला युवा समिति प्युठानका अध्यक्ष रामचन्द्र केसीले शिक्षा, व्यक्तित्व र सीपको विकास गर्दै युवालाई व्यवसाय, स्वरोजगार र आत्मनिर्भर बनाउने उदेश्यसहित उक्त कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । उनले कार्यक्रमले युवाहरुको व्यक्तित्व विकाससँगै नेतृत्व विकासमा सहयोग गर्ने भन्दै यो कार्यक्रम जिल्लाभर विस्तार गर्नुपर्ने बताए । प्रशिक्षक अशोक खनालले नमुना युवा नगरसभा अभ्यासमा सहभागीहरु आगामी निर्वाचनमा निर्वाचित हुने गरि अघि बढ्न तालिमले क्षमता विकास गरेको बताए । उनले यस्ता कार्यक्रम निरन्तरतारुपमा भए युवाहरुको क्षमता बढ्ने बताए ।

नगरप्रमुख नेत्र बहादुर रोका

बाँकी ३ पेजमा

## स्कुल बसले ठक्कर दिंदा डेढ वर्षिय बालकको मृत्यु

प्युठान नगरपालिका ४ बिजुवारमा स्कुल बसको ठक्करबाट एकजना बालकको ज्यान गएको छ। प्यूठान नगरपालिका ७ पुण्यखोलामा सञ्चालित लर्निङ्ग हेभन बोर्डिङ स्कुलको बसको ठक्करबाट डेढ वर्षिय बालकको ज्यान गएको प्रहरिले जनाएको छ। ईलाका प्रहरी कार्यालय बिजुवार नजिकैबाट कार्किडाँडा तर्फ जाने नयाँ बाटोमा उक्त स्कुलको बसले प्यूठान न.पा. ४ का बिकास कार्कीको छोरा करिब डेड बर्षिय बालक युनिक कार्कीलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। बस र बसका चालक प्रहरी नियन्त्रणमा लिई घटनाबारे अनुसन्धान भइरहेको छ। घटनाबारे थप विवरण आउन बाकि छ।

### जीवनको रङ्ग

## तरकारी खेतीले आत्मनिर्भर



**झुलेनी पोष्ट**
**प्यूठान**

व्यवसायिक तरकारी खेती गरेका माण्डवी ३ मर्कावाङ स्थित धनचौरका बल बहादुर खत्रीले टमाटार बेचेर वर्षमा एक लाख भन्दा बढी रुपैयाँ कमाउँछन् । तीन रोपनी जग्गामा अन्नबाली लगाउँदा तीन महिना खान नपुग्ने उनको परिवार तरकारी खेति गर्न थालेपछि जीवन गुजारामा धेरै सहज भएको छ । दुई रोपनी जग्गामा लगाएको तरकारी बेचेर वर्षदिन खाने पुऱ्याई १ लाख बढी बचत हुने गरेको उनले बताए । तरकारीको आम्दानीले उनी सन्तुष्ट छन् । थोरै जमिनमा पनि तरकारीबाट राम्रो आम्दानी हुन थालेपछि उनको परिवार १५ वर्षदेखि व्यवसायिक तरकारी खेतिमा लागेको हो ।

खत्री मात्र होइन धनचौरका १५ भन्दा बढी किसान व्यवसायिक तरकारी खेती गर्छन । गाउँमा बर्षेनी लाखौं रुपैयाँ भित्र्याउँछन् । ‘ सुरुमा समुह बनाएर १५ जना व्यवसायिक तरकारी खेतिमा लागेका थियौँ,’स्थानीय दिलबहादुर खड्काले भने, ‘ हिजोआज गाउभरी सबैले तरकारी खेती गर्न थालेका छन् । एक लट टमाटरको सीजनमा मात्रै गाउँमा १०/१५ लाख भित्रने उनले बताए । तरकारी बेचेर सबैले तराईमा घडेरी जोरेको बताए । उनका अनुसार व्यवसायिक तरकारी खेतीले किसानको जीवनस्तर फेरिएको छ । सबैले तरकारी बेचेर घरमा टेलिभिजन राखेका छन् । यहाँका किसानले स्थानीय व्यापारीलाई थोकमा तरकारी दिने र व्यापारीले जिल्लाको व्यापार केन्द्र

बाँकी ३ पेजमा

### हाम्रो नजर

## सरुमारानीको सुनाउने खबर



प्यूठानको सरुमारानी गाउँपालिकाले अनाथ बालबालिकाहरुलाई मासिक भत्ता दिदै आएको छ । यो खबर सबैलाई सुनाउने खालको बखर हो । आफ्नो पालिका भित्र रहेको बालबालिकाको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको हुन्छ । जुन काम गाउँपालिकाले गरेको छ । सरुमारानी गाउँपालिका अनुसार पालिका भित्रका ६ वटै वडाका ६५ जना अनाथ बालबालिकाहरुलाई मासिक एक हजार रुपैयाँका दरले मासिक भत्ता दिँदै आएको जनाएको छ । पालिकाको यो कार्यक्रमले अभिभावकविहिन भएका बालवालिकाहरुलाई पठनपाठनमा सहयोग पुगेको छ । गाउँपालिकाले कार्यविधी बनाएर आर्थिक वर्ष २०७६/०७७ बाट मासिक भत्ता दिन सुरु गरिएको हो । कम्तीमा १८ वर्ष उमेर नपुगदासम्म अनाथ बालबालिकाहरुलाई भत्ता दिने गाउँपालिकाको नितीको सबैले प्रशंसा गरेका छन् । त्यस्तै, सरकारले अशक्त अपागंता भएका “क” र “ख” वर्गका लागि मात्रै सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा पालिकाले अपांग भएका “ग” वर्गका ४२ जना व्यक्तीहरुलाई समेत मासिक पाँच सय रुपियाँका दरले थप भत्ता दिएको छ । गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत चिन्तामणि रेगमीले अनाथ तथा अपाङ्गता भएका व्यक्तीहरुलाई सम्बन्धित वडा कार्यालयबाट भत्ता वितरण हुँदै आएको झुलेनी पोष्टलाई जानकारी दिए ।

## प्यूठान अस्पतालको समस्य समाधान गर




निमार्ण कार्य र निमार्ण सामग्रीको भुक्तानी नदिएको भन्दै निमार्ण व्यवसायि संघ प्यूठानले प्यूठान अस्पतालको लेखा फाँटमा तालावन्दी गरेको छ । तीन बर्ष अगाडी प्यूठान अस्पतालको आईसोलेसन निमार्ण गर्नका लागि ५ जना व्यवसायि मार्फत गरिएको लिएको २२ लाख रुपैयाँ बराबरको कामको भुक्तानी नदिएको भन्दै तालाबन्दी गरेका जनाएका छन् । काम गर्न लगाउने भुक्तानी नदिनु राम्रो होइन । अस्पताल जस्तो पवित्र ठाउँमा ताला लगाएर भुक्तानी माग्न पर्ने अवस्था कसरी आयो, प्यूठान अस्पताल विकास समिति यसमा गम्भिर बन्नुपर्छ । प्यूठान अस्पतालले आईसोलेसन एवं अपाङ्गमैत्री चर्पी निमार्ण, पर्दा, कारर्पेट, बेड लगायतको काम गर्न निर्माण व्यवसायीलाई कार्यदेश दिएको तर रुपैयाँ नपाएको निर्माण व्यवसायीले गुनासो गरेका छन् । बिहिबार निमार्ण व्यवसायि संघ प्यूठानका कोषाध्यक्ष विश्यक थापाको अगुवाईमा सदस्यहरु झपेन्द्र शर्मा, अर्जुन विक, विरेन्द्र कुमार श्रेष्ठ र गोविन्द बहादुर कार्कीले ताला लगाएका थिए । गत बर्षको पुस महिनामा बसेको सर्वपक्षिय बैठकले प्यूठान अस्पताललाई स्तरोउन्नती गर्ने र विशेषज्ञ चिकित्सकहरु अस्पतालमा खटाउने निणर्य गरेपछि निर्माण व्यवसायिलाई काम गर्न लगाएको थियो । उक्त निणर्य गरिए प्रश्चात जिल्लाका ९ वटै स्थानीय तहहरुले बैठक बसेर नै बजेट निकासा गर्ने निणर्य गरेका थिए । निणर्य अनुसार निर्माण कार्य सम्पन्न भयो । तर निमार्ण कार्य सम्पन्न भए पनि स्थानीय तहहरुले भुक्तानी दिन भने वेवास्ता गरेका कारण समस्या उब्जीएको हो । निमार्ण कार्य सम्पन्न भएको ३ वर्षसम्म पनि निमार्ण सामग्रीको भुत्तानी नपाउँदा व्यवसायि हरु आक्रोसित हुनु स्वभाविक हो । अस्पताल विकास समितिले अगुवाई गरेर छिटोभन्दा छिटो समस्या समाधान गर्न पहल गर्नुपर्छ ।

झुलेनी पोष्ट
सम्पादकीय....

# उम्मेदवारको एजेन्डा प्रधान की गठबन्धन ?

करिब एक महिनापछि मतदाताहरु स्थानीय सरकारमा आफ्ना प्रतिनिधि छान्नको लागि लाइनमा हुने छन् । तर, अझै मतदाता कस्लाइ मतदान गर्ने भन्नेमा अन्योलमा छन् । आफूलाई उचित लागेको पार्टी वा गठबन्धन ? दलहरुले पनि गठबन्भनमै अल्झीएर उम्मेदवार टुंगाउन सकेका छैनन् । राजनीतिक दलहरु चुनावी गठबन्धन वा तालमेलको खाका बनाउन व्यस्त भएपनि मिलाउन सकेका छैनन् । लाग्छ, यो चुनावमा गठबन्धन र तालमेल एक मात्र एजेन्डा हो । जनताका समस्या संग जोडिएका कुनै पनि कुरा अरु छदैछैनन् ।

राजनीति, शासन, सरकार, नीति, नेतृत्व, कार्यक्रम जे-जे भने पनि औंलामा गन्न सकिने केही व्यक्तिको सानो घेरामा कैद छ । उनीहरुले गठबन्धन गर्ने छन् । नेतृत्वले फलानो पार्टी संग हाम्रो गठबन्धन छ त्यसैलाई भोट हाल्नु भन्यो त्यसैलाइ भोट दिनुपर्छ भनेर भन्नको लागि पर्खेर बसेका छन् । चुनावका बेला कसले कति मतदाताको ठेक्का लिन सक्छ, त्यसकै अनुमानमा गठबन्धन बन्ने र भत्कने हुन थालेको छ । यसलाई तोड्न सक्ने हैसियत मतदाताले बनाउन सकेको देखिदैन ।

यस पटकको चुनावलाई दुई प्रमुख गठबन्धन आ-आफ्ना कब्जामा लिने प्रयत्नमा छन् । चुनाव त्यसकै वरिपरि ध्रुवीकृत हुँदै छ । सत्तामा रहेका पाँच दल नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी र राष्ट्रिय जनमोर्चा यही गठबन्धनमा रहेर स्थानीयदेखि संघीय तहसम्मका चुनावबाट आफ्नो सत्ता जारी राख्न चाहन्छन् भने प्रमुख विपक्षी एमाले सकेसम्म यसलाई भत्काउने, चोइट्याउने रणनीतिमा छ ।

मुख्य मुद्दा सत्ता गठबन्धन जोगाउने वा भत्काउनेमा नै केन्दित भएको छ । सत्ता गठबन्धन आन्तरिक मोलमोलाइ, आशंका र अलमलमै छ । यो स्थिति मतदानका बेलासम्म पनि रहन सक्छ । नेपालमा दलगत आधारमा मतदान गर्ने प्रवृत्ति अत्यधिक छ, त्यो पनि प्रमुख दलकेन्द्रित । गत स्थानीय चुनाव परिणामलाई हेर्ने हो भने पनि त्यो प्रस्ट हुन्छ । मेयर, उपमेयर लगायत सबै पदमा ८७ प्रतिशतभन्दा बढी ठाउँ तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रले लिएका थिए ।

करिब ८० प्रतिशत पपुलर भोट पनि यिनै दलको पकडमा थियो । मधेश प्रदेशमा तत्कालीन राजपा नेपाल र संघीय समाजवादी फोरमसहित पाँच दल प्रतिस्पर्धामा पुगे । राजपा र फोरमसमेतलाई मिलाउँदा यी पाँच दलले कुल सिटको करिब ९५ प्रतिशत जितेका थिए । अरू दलको हैसियत त मुस्किलले कुनै पालिका वा वडामा सीमित छ । यस पटक पनि स्थिति खासै फरक हुने देखिँदैन । एमाले विभाजनका कारण केही सिटको तलमाथि होला, नेपाली कांग्रेसले सबभन्दा बढी फाइदा लिन सक्ला, तर विगत चुनावहरूमा मतदाताको जुन पार्टीगत प्राथमिकता र मतदान व्यवहार छ, त्यसका आधारमा भन्नुपर्दा, समग्रमा पार्टीगत स्थितिमा आधारभूत परिवर्तन र भिन्नताको सम्भावना देखिन्न । गठबन्धनलाई लागेको हुनसक्छ उनीहरुको भोट भण्डार निश्चित छ । गठबन्दन गर्ने पार्टीहरुले अहिले मोबाइल बैंकिङजस्तै एउटा खाताबाट अर्को खातामा सजिलै चलायमान बनाउन सकिन्छ भन्ने ठानेको देखिन्छ । चुनाव बैंक मर्जरजस्तै एउटा पार्टीको मत अर्कोमा खप्ट्याउने जस्तो होइन । मतदाताले उम्मेदवारको एजेन्डाको आधारमा पनि मतदान गर्न सक्छन् । गठबन्धनले सोचे झै परिणाम नआउन पनि सक्छ ।

# श्रीलंकाबाट सिक्नुपर्ने पाठ



बबिता बस्नेत

***ब्यक्ति मात्रै धनी भएर केही हुँदैन राज्य नै धनी हुनुपर्छ भन्ने कुराको सन्देश श्रीलंकाको विपदले दिएको छ । देश खोक्रो बनाएर आफू मात्रै सम्पन्न बन्दाको परिणाम केसम्म हुन सक्छ भन्ने कुरा हाम्रो देशका नेता र कर्मचारीहरुले बुझ्नु आवश्यक छ ।***

'आफ्ना गल्तीहरूबाट मात्रै सिक्नका लागि तिमीसँग जीवन सधैं रहँदैन, त्यसैले अरुको गल्तीबाट सिक ।' दक्षिण एशियाली सुन्दर मुलुक श्रीलङ्कामा अहिले जे भइरहेको छ त्यो हेर्दा चाणक्यले यो भनाई हाम्रै लागि बोलिदिएका थिए कि जस्तो लागिरहेको छ । २६ वर्षसम्म लगातारको युद्ध भोगेको श्रीलङ्कामा सन् २००९ पछि धेरै परिवर्तन आएको थियो । सफा सडक, झिलिमिलि बत्ति, राति अबेलासम्म समूद्रको किनारमा बसिरहेका या सडकमा हिँडिरहेका मानिसहरू देख्दा दक्षिण एशियाली मुलुकमा नभइ आफू युरोप, अमेरिकातिर भएको महसूस हुन्थ्यो । विभिन्न कार्यक्रमको सिलसिलामा यो पङ्क्तिकार तीन पटक श्रीलङ्काको राजधानी कोलोम्बो पुगेकी छु । सन् २००२ मा पहिलोपल्ट श्रीलङ्का पुग्दा परिस्थिति फरक थियो । साँझ ६ बजे कर्फ्यू लाग्थ्यो । समुन्द्रको किनार या बजार जहाँ गए पनि ६ बजेभित्र बासस्थान फर्किसक्नु पर्थ्यो । लिबरेसन टाइगर्स अफ तमिल इलम (लिट्टे)ले सन् १९८३ मा स्वतन्त्र तमिल राज्यको माग राख्दै गरेको आन्दोलनमा विद्रोही, सुरक्षाकर्मी र सर्वसाधारण गरी करिब एक लाख मानिस मारिएका थिए । सन् २००९ मा विद्रोहीका नेता भेलुपिल्लाई प्रभाकरण तथा उनका प्रमुख सहयोगीहरूलाई मारेपछि श्रीलङ्कामा युद्ध अन्त्य भएको घोषणा गरिएको थियो । शिक्षा, स्वास्थ्य, वातावरण सबैमा अगाडि रहेको श्रीलङ्का हेर्दाहेर्दै आँखै अघिल्तिर एक छाक खानका लागि हारालुछ गर्नुपर्ने अवस्थामा पुग्यो । केही दिनअघि कोलोम्बोमा बस्ने एक श्रीलङ्कन साथीले भनेकी थिइन्– 'हेर न, मसँग पैसाको खाँचो छैन तर पेट्रोल नभएर गाडी थन्किएको छ, बिरामी आफन्तको अप्रेशन गर्न पाइएन, भान्सामा सामान सकिँदै छ । के खाने, कसरी जीवन धान्ने अवस्थामा पुग्यौं । ब्यक्ति धनी भएर नहुने रहेछ, राष्ट्रसँग पैसा नभएपछि सबैको अवस्था उस्तै हुने रहेछ ।'

***आर्थिक रूपमा राष्ट्र विपन्न भएपछि ब्यक्ति सम्पन्न हुनुले कुनै अर्थ राख्दैन रहेछ भन्ने कुराको उदाहरण बनेको छ श्रीलंका । २६ वर्षको द्वन्द्वमा आर्थिक संकट र आपतकाल नभोगेका श्रीलंकनहरू आफूले नेता मानेका ब्यक्तिहरूको अकर्णमण्यताका कारण आज नाजुक अवस्थामा पुगेका छन् ।***

उनीसँग कुरा गरेको दुई दिनमैं श्रीलङ्कामा इन्टरनेट बन्द गरियो । दुई करोड २५ लाख जनसंख्या भएको श्रीलङ्कामा एक्कासी यस्तो परिस्थितिको सिर्जना भएजस्तो लागे पनि यो एक्कासी भएको भने होइन । राज्य सञ्चालनको बागडोर सम्हालेका नेताहरूले राष्ट्रको नाममा ऋणमाथि ऋण लिएर त्यो ऋणको उचित स्थानमा लगानी नगर्दा यो परिस्थिति सिर्जना भएको हो ।

हामीकहाँ पनि सरकार फेरिएपिच्छे वैदेशिक ऋण लिन होडबाजी गर्ने गरिएको छ । ऋण लिन सजिलो होस् भनेर पूर्व गभर्नरलाई अर्थमन्त्रीमा नियुक्ति गरिएको इतिहास पनि हामीसँग छ । हामी पनि वैदेशिक ऋणले थिचिँदै गएका छौं । वैदेशिक ऋण लिन हुँदैन भन्ने होइन, लिन हुन्छ तर त्यो ऋण केमा लगानी गरियो ? फाइदा हुने या राजश्व उठ्ने परियोजनामा लगानी भइरहेको छ कि छैन ? खर्च कसरी गरियो या गरिँदै छ भन्ने प्रमुख कुरा हो । हामीले लिएको ऋण उत्पादन हुने ठाउँमा खर्च भइरहेको छैन । यदि ऋण लिएर सरकार चलाउने, प्रदेश र पालिकाहरू चलाउने काम हुने हो भने हामी र श्रीलङ्काबीच परिस्थितिको दूरी लामो हुने छैन । त्यसैले हामीले लिएको वैदेशिक ऋण कति छ ? डलर मौज्दात कति छ ? राज्यले केमा खर्च गरिरहेको छ ? जनताले यो विषयमा जानकारी पाउनुपर्छ । हाम्रो ऋण कति छ ? त्यो के-केमा लगानी भइरहेको छ ? ब्याजको अवस्था के छ ? हामीले समयमा तिरिरहेका छौं कि छैनौं ? जस्ता सवालबारे अर्थमन्त्रालयले सर्वसाधारण नागरिकले बुझ्नेगरी जानकारी गराउनुपर्छ ।

***यदि ऋण लिएर सरकार चलाउने, प्रदेश र पालिकाहरू चलाउने काम हुने हो भने हामी र श्रीलंकाबीच परिस्थितिको दूरी लामो हुने छैन । त्यसैले हामीले लिएको वैदेशिक ऋण कति छ ? डलर मौज्दात कति छ ? राज्यले केमा खर्च गरिरहेको छ ? जनताले यो विषयमा जानकारी पाउनुपर्छ ।***

रातभर झलमल्ल बत्ति बल्ने कोलोम्बो शहरमा अहिले घण्टौं लोडसेडिङ छ, सडक बत्तिहरू बन्द गरिएका छन् । बढ्दो महँगी मात्र होइन महँगोमा सामान किन्न पाउने अवस्था छैन । खाना पकाउने ग्याँस, दुध, खाद्यान्न जस्ता आधारभुत आवश्यक्ताका लागि श्रीलङ्कन जनता अभावको लडाइँ लडिरहेका छन् । आर्थिक रूपमा राष्ट्र विपन्न भएपछि ब्यक्ति सम्पन्न हुनुले कुनै अर्थ राख्दैन रहेछ भन्ने कुराको उदाहरण बनेको छ श्रीलङ्का । २६ वर्षको द्वन्द्वमा आर्थिक सङ्कट र आपतकाल नभोगेका श्रीलङ्कनहरू आफूले नेता मानेका ब्यक्तिहरूको अकर्णमण्यताका कारण आज नाजुक अवस्थामा पुगेका छन् । के प्राध्यापक, के डाक्टर, विद्वान्, ब्यापारी, सर्वसाधारण सबैको अवस्था उस्तै छ । जब गुडाउनका लागि पेट्रोल नभएपछि महँगा गाडीको के काम ? ब्यक्ति मात्रै धनी भएर केही हुँदैन राज्य नै धनी हुनुपर्छ भन्ने कुराको सन्देश श्रीलङ्काको विपद्ले दिएको छ । देश खोक्रो बनाएर आफू मात्रै सम्पन्न बन्दाको परिणाम केसम्म हुन सक्छ भन्ने कुरा हाम्रो देशका नेता र कर्मचारीहरूले बुझ्नु आवश्यक छ ।

राजनीतिक नेतृत्व कमजोर भयो भने देश कमजोर हुन्छ । सरकारले लिने आर्थिक नीतिमा जनताको भाविष्य निर्धारित हुन्छ । आर्थिक मात्र होइन परराष्ट्र नीति पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । कोसँग सम्बन्ध राम्रो छ, कोसँग छैन ? आफ्नो पछाडि कस्ता राष्ट्रहरू छन् ? भन्ने कुराले राष्ट्रको भविष्य निर्धारण गरिरहेको हुन्छ । अहिले हाम्रो आर्थिक र परराष्ट्र नीति कस्तो छ ? हामीले छिमेकी र अन्य मुलुकलाई कसरी ब्यवहार गरिरहेका छौं ? ऋण मान्छेको ब्यक्तिगत जीवनमा जस्तै राष्ट्रको सवालमा पनि डरलाग्दो कुरा हो । चाणक्यले भनेका छन्– ऋण, शत्रु र रोगलाई कहिल्यै सानो नसम्झनु । अहिले सरकारमा बस्नेहरूले लिएको वैदेशिक ऋणको भार समयमैं तिर्न सकिएन भने त्यो हाम्रा सन्ततिहरूको टाउकोमा पर्नेछ । सही ठाउँमा लगानी गरिदियौं भने उनीहरूले तिर्लान् तर तलब-भत्तामा खर्च गर्न थाल्यौं भने ऋणको सदुपयोग कसरी होला ?

***स्थानीय निर्वाचनका लागि म्यादी प्रहरीमा युवाको लाइनले आाखा रसाउाछ । ती युवाहरूलाई प्रत्येक जिल्लामा कुनै न कुनै उद्योग स्थापना गरेर काम दिन राज्यलाई केले रोकेको छ ? अब राज्यको खर्च***

बाकी ६ पेजमा

नगरपालिकाबासीलाई अनुरोध
व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम
२०७९ साल वैशाख १ देखि ७ गतेसम्म
जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।
अनुरोधक : स्वर्गद्वारी नगरपालिका, भिंगृ प्यूठान

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३
झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# कहिले बन्छ सडक सलल्ल
# भालुबाङ प्यूठान रोल्पा सडकको स्थलगत रिपोर्ट

**झुलेनी पोष्ट**
**प्यूठान**

दाङको भालुबाङ हुँदै रोल्पा, प्यूठान प्रवेश गर्ने मुख्य सडक सहायक राजमार्ग प्यूठानको गहना खोला पुलबाट सुरु हुन्छ। प्यूठान तर्फ खलंगा र रोल्पा तर्फ डारबोटमा पुगेर टुंगिएको छ।



प्यूठानको सरुमारानी गाउँपालिका २ मा पर्ने गहनाखोला पुल देखि रोल्पा नगरपालिका ६ डारबोटसम्म १ सय ४३ किलोमिर रोल्पा तर्फको खण्ड पर्छ । प्यूठानको मल्लरानी गाउँपालिका



४ खलंगासम्म ५९ किलोमिटर दुरी पर्दछ । ददेरी, दरभान, बड्डाँडा, खहरे, गर्जेनी, सिमलचौर, देविस्थान, चकचके, नयाँगाउँ, लामाचौर, गोठिबाङ, भिंग्री, किमिचौर, खुग्री, छिर्ने, सुलीचौर, सातदोबाटो, लिबाङ, रेउघा, माडीखोला हुँदै डारबोट सडक



पुगेको छ। चकचके पुलबाट पूर्वतर्फ चेर्नेटा, दाखाक्वाँडी रातामाटा, जुम्री, बिजुवार, पुन्यखोला, बाग्दुला, सारीबाङ, धरमपानी भएर प्यूठानको खलंगा जोडिएको छ।

सरुमारानी गाउपालिकाको बांगेसाल स्थित दर्भान देखि उकालो पहाडका डाँडा, घुम्तीहरु छिचोल्दै सडक निर्माण गरिएको छ। बड्डाँडाको ओरालो लागेपछि चकचके नपुग्नुजेल सडक सांघुरो र अफ्ठ्यारो मानिन्छ। यही क्षेत्रमा स्थानीय तहले सडक माथिको क्षेत्रमा ग्रामिण सडक निर्माण गर्ने भन्दै जथाभावी डोजर लगाउनाले बर्खामा आउने भेलले सडकलाई बिगार्दै आएको छ। तल माडी नदिको खोच छ। त्यसको माथि भिर पहाडका पहरा फोरेर सडक निर्माण गरिएको छ । गर्जेनी, माद्रे, एकचोटे लगायत स्थानमा दर्जनौ पटक दुर्घटना भएका छन् ।

२०६१ माघ ८ गते दाङबाट दुलही लिएर प्यूठान टारी आउने जन्ती बस गर्जेनीमा दुर्घटना भएको थियो। दुर्घटनामा दुलाह सहित ४१ जनाले ज्यान गुमाउनु परेको थियो । दुर्घटनाको राष्ट्र्य चर्चानै भएको थियो । अहिले पनि त्यही स्थल जोखिमपूर्ण छ। सडक सुधार गर्न आवश्यक देखिन्छ । अझै यहाँ सडक फराकीलो बनाउने काम भएको छैन।

यस्तै केहि वर्ष पहिले रोल्पा तर्फको लामाचौर खण्डमा स्वर्गद्वारी तीर्थ गर्न आएका दर्जनौ तीर्थयात्रीले बस दुर्घटनामा परेर ज्यान गुमाएका थिए। रोल्पा डारबोटसम्म पहाडी क्षेत्रमै सडक निर्माण भएको छ। यो क्षेत्रमा पनि धेरै पटक दुर्घटनाका घटना भएका छन् । यहाँको सडक खण्डमा पनि सयौं घुम्ती डाडाँहरु पार गरेर पुर्‍याइएको छ । प्यूठानको खलंगासम्म पनि उस्तै गरि सडक पुर्‍याइएको छ । सडकमा सवारी चाँप बढे पनि सडक फराकिलो दुई लेनको बनाउने बजेट विनियोजन भएको छैन् । बारम्बार दुर्घटना हुने क्षेत्रमा पर्ने घुम्तीहरु केहि स्थानमा कटिङ गरेर फराकीलो बनाउने काम केहि वर्ष देखि हुन थालेको छ। यसले केहि राहत दिएको छ।

२०६५ सालमा सिंगल लेनमा कालोपत्रे भएको सडक साँघुरा भई ट्राफिक जाम धान्न नसक्ने भइसकेको छ। प्यूठानको लुप्लुङबाट चुनढुँगा बोकेर हिड्ने दश चक्के टिपरका कारण सडक झन जिर्ण बन्दै गएको छ। टिपरले भार क्षमता भन्दा






बढी माल बोक्दा सडक बिग्रदै गएको छ । लुम्बीनी प्रदेशको राजधानी भालुबाङ पुग्नको लागि रोल्पा, प्यूठान सहित गुल्मी, अर्घाखाँची, पूर्वीरुकुम जिल्लाका लागि समेत पाएक पर्ने भएकाले अव यो सिंगल लेनको सडकले सवारी चाप धान्न सक्ने अवस्था छैन।

कार्यालय मार्फत सडक सुधारको लागि यस वर्ष झण्डै ६१ करोड खर्च गर्ने गरि काम गर्ने अख्तियारी आएको छ। त्यस अन्तर्गत ठेक्का मार्फत काम भइरहेका छन्। पुल, सडक बोर्ड, निर्वाचन क्षेत्र रणनीतिक सडक, वैकल्पिक सडक, सहायक राजमार्ग, राजमार्ग पुर्नस्थापना, स्तरउन्नती शिर्षकमा विभिन्न स्थानमा ठेक्का भएर काम भइरहेको छ। गहना खोला देखि बड्डाँडा मन्दीरसम्म ३० किलोमिटर क्षेत्रमा रिसोलीङ गर्न काम भइरहेको छ।

यही क्षेत्रमै ग्याबीन, मेसीनरी वाल, सेप्टी ब्यारीयर लगाउने काम समेत भइरहेको छ। कामको हालसम्म २० प्रतिशत भौतिक प्रगती भएको छ। बड्डाँडा मन्दिर देखि लामाचौर सम्ममा पनि यस्तै प्रकृतीको काम भइरहेको छ। लामाचौर देखि रोल्पा सुलिचौरसम्म प्रिमिक्स ओभरले कालोपत्रे गर्ने काम भइरहेको छ। यो कामको हालसम्म ३० प्रतिशत भौतिक प्रगति भएको छ। यस्तै कामको लागि सुलीचौर देखि रोल्पा लिबाङसम्म यस वर्ष ठेक्का भएको छ। सुलीचौर देखि रोल्पा लिबाङ, डारबोटसम्मै ग्याबील, मेसीनरी वाल लगाउन मर्मत गर्ने काम भइरहेको छ। खलंगा-चकचके क्षेत्रमा खाल्डाखुल्डी पुर्न सडक मर्मतको लागि ठेक्का व्यबस्थापन भएर काम अगाडि बढेको छ। कार्यालय मार्फत काम गर्नको लागि ठेक्का पारेर काममा ढिलाइ गर्ने केहि निर्माण व्यवसायीलाई राष्ट्रीय पत्रीकामा सूचना निकालेर ताकेता गरीएको सडक डिभिजन कार्यालयले जनाएको छ।

**दर्जनौ पुल निमार्ण चालु, केहिमा समस्या :**

स्थानीय सडक पुल, रणनितीक सडक पुल बजेट उप शिर्षक मार्फत पुल निर्माणको काम समेत भइरहेका छन् । केहि पुलहरु निर्माण सम्पन्न भएका छन् । केहि निर्माणकै चरणमा छन भने कुनै पुलमा डिजाइन परिवर्तन गर्नपर्ने भएकाले निर्माण व्यवसायीले काम रोकेका छन् । भिंग्री ४ जलुके नल्सी पुल, प्यूठान नगरपाकिला १ खैरा दाखाक्वाडी पुल, कैरन सरडबेसी जोड्ने पुल, डाब्रा माझिदमार पुल, लुङखोला लाखाचौर स्याउलीबाङ पुल, पकला त्रिबेणी रस्पुरकोट जोड्ने पुल निर्माण भइरहेको छ। माडीखोला ऐरावती, दरभान झिलीबाङ सुख्खाखोला पुल र सिरीङखोला अग्लुङ फेदी रजबारा पुल निर्माण सकिएको छ।

झिमरुक खोला झिबाङ, घुइबाङ, रस्पुरकोट जोड्ने पुल, माडीखोला खुग्री, सारी जोड्ने पुल र झिमरुक खोला चेरनेटा, बरौला, जोगिटारी पुरनठाटी जोड्ने पुलको डिजाइनमा केहि समस्या भएकाले काम अगाडी नबढेको सडक डिभिजन कार्यालयले जनाएको छ। यी पुलको वारी पारीका दुई-दुइ वटा पिलर निर्माण भएर अलपत्र अवस्थमा रोकीएका छन्। सारीको पुल निर्माणमा भएको ढिलाइमा स्थानीयको गुनासो बढेको छ स्वर्गद्वारी नगरपालिका ५ का वडाध्यक्ष हिरामणी भण्डारीले बताए । पुलको काम गर्न अत्याधुनीक औजार लिएर पनि काम गर्न नसकिएकाले स्टिमेटनै परिवर्तन गर्न पर्ने निर्माण व्यासायीको भनाइ छ।



## मौलिक भेष....

क्षेत्रीले युवाहरुले सञ्चालन गरेको नमुना नगरसभाको प्रयोगात्मक अभ्यास राम्रो भएको बताए । उनले यस्ता कार्यक्रममा युवाहरु सहभागि भएर क्षमता विकास गरि आगामी दिनमा साच्चिकै नगरप्रमुख भएर जनताको सेवा गर्न सक्ने बताए। स्वर्गद्वारी नगरपालिकाको आयोजना तथा राष्ट्रिय युवा परिषद् जिल्ला युवा विकास समितिको समन्वयमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो । युवाहरुको सवाल पहिचान र नेतृत्व क्षमताको विकास गर्ने उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा नगरपालिकाका १६ वर्षदेखि २४ वर्षसम्मका युवाहरुको सहभागिता रहेको थियो।

## तरकारी खेती...

बाग्दुला बिजुवार पुर्‍याएर बिक्री गर्ने गरेका छन्।

धनचौरमा गाउँभरका किसानले व्यासायिक तरकारी खेती गरेर मर्काबाङको पहिचान बनाएको स्थानीय मुक्ती पौडेलले बताए। 'मर्काबाङमा मौसमी तथा वेमौसमी तरकारी उत्पादन भैरहन्छ' उनले भने, 'तरकारी खेतीमा किसानलाई हौसला प्रदान गर्ने खालका कार्यक्रम गाउँपालिकाले बनाउनुपर्छ।'

रेडियो झुलेनी
१०४.७ मेगाहर्ज
समाचार, सूचना, विचार र विज्ञापन प्रशारनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com
www.jhulenipost.com

पत्रिका मागेर होइन किनेर पढौं

## मुक्तक



**बोमलाल के सी**
*नौबहिनी गाउपालिका, प्यूठान*

॥१॥
भाषा धर्म सँस्कृतिले, धनी नेपाल विश्वसामु ।
चिनिन्छ अखण्ड राष्ट्र, भनी नेपाल विश्वसामु ।
आउ हातेमालो गरौं, देशको लागि हामी सबै ,
उदाहरणिय बनाउ अझै, पनि नेपाल विश्वसामु ।

॥२॥
दुई चार पैसाको आशमा लिलाम हुदैछ ।
गाँस बास संगै कपासमा लिलाम हुदैछ ।
पासपोर्टको सट्टा ज्यान धितो राख्नुपर्ने
युवाको जवनीनै प्रवासमा लिलाम हुदैछ ।

॥३॥
धेरैले सोधे मलाई कुन जात मन पर्छ ।
दलित, आर्य अथवा मगरात मन पर्छ ।
सबैको यो प्रश्नको उत्तर यसरी दिए मैले,
न छुवाछूत न जातिय पक्षपात मन पर्छ ।

॥४॥
कसैले कुट्न पाउने, कसैले कुट्यो भन्न नपाउने ।
जिन्दगी सिसासरि नै यसरी फुट्यो भन्न नपाउने ।
कस्तो लोकतन्त्र अन्याय पर्दा नि लोकाल्त नहुने,
बलात्कार गर्दा पनि अस्मिता लुट्यो भन्न नपाउने ।

॥५॥
दलाल अनि भष्ट्रचारिको कर्तुत बनेर आयो ।
पदको लागि आफ्नै दलमा गुट बनेर आयो ।
देश बनाउला भनि जिताएर पठाए जनताले,
तर उ त देशै बेच्दिने बेचुवा कपूत बनेर आयो ।

## "भोक र अभाव"
*कविता*

भोक लागेन बाबा ....?
बाबू ,
तिमी टन्न अघाउन्जेल खाऊ
मलाई भोकले चिमोट्दैन
बस् तिम्री आमाको अभावले चिमोट्छ
!
किन बाबा ?
बाबू ,
किन ? भनेर नसोध तिमीलाई सब
थाहा छ ।
फेरि मलाई प्रश्न किन गर्छौ ?
मलाई प्रश्नभन्दा पनि प्रश्नवाचक
चिन्ह
एक धारिलो खुर्पा जस्तो लाग्छ बाबू !
बाबा....... !
बाबू ,
पूरा बोल्ने गर
डट्, डट्, डट्, ... खाली ठाउँ नराख
तलवारको धारले कसैको घाँटी रेटेर
परसम्म पुगेका रगतका छिँटा जस्तै
लाग्छन्
यी ....... चिन्हहरु !
अल्पविराम - अर्धविराम - पूर्णविराम
मात्रा , चन्द्रविन्दू , शीरविन्दू सबै
चिन्हदेखी अघाएको छु !
बाबू ,
तिमी टन्न अघाउन्जेल खाऊ
मलाई भोक छैन ।
ती बक्ररेखाहरु पनि खुन विनाका
नसा झैं लाग्छन्
त्रिभुजको आकारले पनि रुवाउँछ
म पढ्नेबेलामा शिक्षकले त्रिभुजको
चित्र बनाउ भन्दा
मेरो थोत्रो ज्यामितिमा पेन्सिल समेत
हुँदैनथ्यो ।
जन्मदर- मृत्युदर शतप्रतिशत
बसाईँसराइदर, सरल, गुना, भागा
निकाल्ने
क्यालकुलेटर समेत हुँदैनथ्यो म
संग
बस् औंलाहरु भाँचेर हिसाब निकाल्ने
गर्दथैं !
दिनदिनै गणित विषयमा कयौंपटक
भाँचिए यी औंलाहरु
त्यसैले होला आज नाम पनि लेख्न
नसक्ने गरि वेदाम छन् !
तर यौटा खुसीको कुरा नि बाबू ,
मलाई जस्तोसुकै दुःखको घडीमा पनि
तिम्री आमाको साथ र हौसला मिलि
रहन्थ्यो
उनी स्व. हुँदा यी एक अञ्जुली पानीले
उनलाई बप्तिष्मा समेत दिन पाइँन,



**रत्नराज पुन मगर**
*जाँजरकोट*

अलविदा भन्न पाइँन
त्यसकारण पनि मलाई भोक भन्दा
तिम्रो आमाको अभावले चिमोट्छ
बाबू !
बाबा ,
पीर नलिनुस् , अब म छु त !
हे,हे,हे बाबू ,
तिमी त भोलि "असरफ फयाद" बनौ
ला
"ओसामा विन लादेन" बनौला
कि "जंग बहादुर राणा" या "चरी डन"
बनौला
बाबू ,
आज साथमै छौ सानै छौ र पो यस्तो
भन्छौ
के थाह ! भोलिका दिनमा तिमी नै
के बन्छौ
हिट्लर - अब्राहम
गान्धी - रावण या राम
समाजसेवी बनेपनि - साहित्यकार
बनेपनि
सम्भव छैन आजकालको जमानामा
धेरै दिन टिक्न .. !

या कोही केटी भगाएर
भागौला टा...ढातिर कहिल्यै नफर्किने
गरि
म बूढोलाई बृद्धाश्रम छोडेर
या यही आँगनमा सबैको छि:छि र
दुरदुरसंग
भिखारीजस्तो बनेर - पागलजस्तो
बनेर
ज्यूँनुपर्ने त मै बूढोले हो बाबू ,
त्यसैले कयौं सपनाहरुको भोको हुने
मै हो
पीडा व्याथा र अभाव हुने मलाई नै हो
तिमी टन्न अघाउन्जेल खाएर सुत
बाबू !
मलाई यही सिढीँमै जून हेरेर टोलाउन
देऊ !

## रोचक/प्रेरक प्रसङ्ग

# जब चोरले काटेर लग्यो ६० फिट लामो पुल



तपाईंले चोरीका अनेक खाले घटनाका बारेमा देख्नु, सुन्नुभएको होला । तर के तपाईंले चोरले पूरै पुल चोरेको सुन्नुभएको छ ? भारतको बिहारमा एउटा पूरै पुल नै चोरी भएको अनौठो घटना भएको छ। बिहारको रोहतास जिल्लामा यो घटना भएको हो। त्यहाँ ६० फिट लामो पुल चोरी भएको हो।

बिहारको रोहतास जिल्लाको नासरीगंज क्षेत्रस्थित अमियावर इलाकामा रहेको एक नहरमा बनेको फलामको पुल रातारात गायब भएको हो। ६० फिट लामो उक्त पुल १० फिट चौडा र १२ फिट अग्लो थियो । समाचार अनुसार चोरले जेसीबी मेसिन ल्याएर उक्त पुल उखेलेर त्यसको फलाम ट्रकमा हालेर लगेको हो । गाउँमा यतिठूलो घटना हुँदा पनि स्थानीय प्रशासनले थाहा पाएन । अनौठो त के भने चोरले आफू सिंचाइ विभागको कर्मचारी भएको भनेर स्थानीय विभागीय कर्मचारीहरूको समेत सहयोग लिएर पुल भत्काएर लगेको हो । स्मरण रहोस् उक्त पुलबाट यसअघि पनि पटक-पटक फलाम चोरी हुने गरेको थियो। तर यो पटक भने चोरले सिँगै पुल नै चोरेको छ। सोमबार दिनदहाडै जेसीबी र ट्रक लिएर आएको चोरले पुल चोरेर लगेको थियो । गाउँलेहरूले सोधीखोजी गर्दा चोरले आफूलाई सिंचाइ विभागको कर्मचारी भएको बताएको थियो। उक्त पुल सन् १९७२ मा निर्माण सुरु भएर १९७५ मा सम्पन्न भएको थियो । उक्त पुलको समानान्तर अर्को कंक्रिटको पुल बनेका कारण उक्त फलामको पुल प्रयोगविहीन बनेको थियो। पुल चोरी भएको घटनाका विषयमा स्थानीय प्रशासनले अनुसन्धान अगाडि बढाएको थियो।

एजेन्सीको सहयोगमा

# शिक्षा क्षेत्रमा टेक बहादुरको अतुलनिय योगदानः



**प्रस्तुति : ज्ञामुराम न्यौपाने**

शिक्षा क्षेत्रमा अतुलनिय योगदान गर्नुहुने टेक बहादुरसुनार वि सं २००० साल पुसमा प्यूठानको लिवाङ गाँउको बाँझाखर्कमा जन्मनु भयको थियो । उहाँ १९ वर्षको उमेरमा भारतीय फौजमा भर्ती हुनु भयो। भर्ती भएको चार बर्ष नहुँदै भारतको सिलाङमा अलकत्रको ड्रमले कीचेर दाहिने खुट्टा भाँच्चियो र लुलो भयो । पल्टनले पेन्सन दिएन, साथीहरुले चन्दा उठाएर केही पैसा दिए। पल्टनले सधैंको लागि घर फर्कन भन्यो । उहाँलाई ठूलो समस्या पार्यो न जागीर रह्यो र न सग्लो जिउ। भर्ती भएर धन कमाउने र सुख गर्ने सपना सकिएपछि घायल जिउ लिएर उहाँ पल्टनबाट बढनी सम्म गाडीमा फर्किनु भयो। त्यहाँबाट भाई सवरे सुनारले बोकेर घर ल्याई पुराउनु भयो।

परिवारको आशाको केन्द्र अपाङ्ग बने पछी उहाँको घरमा सन्ताप छाएको थियो। जिउ पाल्ने कसरि उहाँलाई समस्या पार्यो । गाउँमा छाएको अशिक्षा र विद्यालयहरुको अभाब उहाँको नजरमा पर्यो। यसैबाट समाज सेवा गर्दै र पेट पाल्ने विचार आयो। घर फर्किएको एक बर्ष पछी आफ्नो लूलो खुट्टा घसार्दै पुजाको गोठाटीको चौरमा विद्यार्थी जम्मा पारेर पढाउन सुरु गर्नु भयो । पुजाको गोठाटीमा केही वर्ष पढाए पछि पुजाकै खलाचौर, लैसरा, जारगाँउ र अन्तमा लिवाङको घोप्टेका खुल्ला चौर र कटेराहरुमा विद्यार्थीहरु पढाउनु भयो । यसरी उहाँको अपाङ्ग जीवन १९ वर्ष सम्म निरन्तर शिक्षाको प्रचार प्रसारमा बित्यो । उहाँले लुलो खुट्टा लतार्दै विद्यार्थीको घरघर पुगेर मागेर खाने र विद्यार्थीले उठाएर दिएको दस बीस रुपियाँ लिने गर्नु भयो । उहाँले राज्य कोषबाट कहिल्यै सुविधा पाउनु भयन । सधैं अभाव र अर्ध पेटको सामना गर्नु पर्यो । सायद उहाँले शिक्षण कालमा खाजा त कहिल्यै खानु भएन होला । उहाँलाई सधै घर परिवार पाल्न आर्थिक अभाव भै रह्यो। पैसा कमाउन नसके पछि उहाँको पारिवारीक अवस्था पनि सहज थिएन।

विद्यार्थीको घरमा जाँदा पनि उहाँलाई सम्मान जनक व्यवहार गरिन्न थियो । जातिय अन्धविश्वासमा जकडिएको तत्कालीन समाजले उहाँ एउटा असल शिक्षक हुँदाहुँदै पनि अछुतको व्यवहार गर्दथ्यो । घरभित्र पस्न नदिने आफूले खाएको भाँडा आफै माझ्नु पर्ने । विद्यार्थीले दिनु पर्ने दस विस रुपैयाँ सबैले नदिने, उपहासात्मक शब्द "डुडो कामी" को उपनामले सम्बोधन गर्ने आदि । विरक्त जीवनका विच पनि आफ्नो डुँडो खुट्टा लतार्दै र घिर्सदै १९ वर्ष भन्दा बढि समय शिक्षा क्षेत्रमा उहाँले अमूल्य योगदान दिनुभयो । उहाँको जीवन दुःखै दुःख र आदर्शले भरिएको थियो। लिवाङ घोप्टेको कटेरोमा रहेको विद्यालयमा मासिक तिन सय तलबमा पढाई रहेको समयमा आदर्श शिक्षक टेक बहादुरको २०५१ साल वै



टेक बहादुर सुनारको दुर्लभ तस्वीर

शाखमा सुन्निएर दुःखद मृत्यू भयको थियो। उहाँको बारेमा लेख्दा मलाई भाबुक बनाउँछ ।

उहाँले खुल्ला चौरमा सुरू गरेका सबै प्रारंभिक विद्यालयहरु आजकल सरकारी मान्यता लियर व्यवस्थित रुपमा संचालित छन। उहाँले काठको कालो पाटीमा क ख सिकाएका विद्यार्थी उच्च तहमा पुगिसकेका छन्।

केही दिन पहिला हामीहरू उहाँको घर लिबाङमा पुगेको थियौं । उहाँका दुई छोरा र एक छोरी हुनुहुंदो रहेछ। छोराहरु ईश्वर र जोगुलाल रोजगारीको लागि बाहिर गएकोले भेट हुन सकेन। उहाँका भाई सवरे सुनार, छोरी लक्ष्मी र बुहारीबाट टेक बहादुर सुनारको बारेमा थप जानकारी प्राप्त भएको थियो । उहाँको एउटा मात्र धुमिल फोटा भेटियो । उहाँको जन्मघरमा खरको छानो हटाएर गत वर्ष मात्रै कर्कटपाता लगाएको रहेछ। दिवंगत टेक बहादुर सुनारले सिक्षा क्षेत्रमा पुराएको अतुलनिय योगदानको सम्मान स्वरुप उहाँको सालिक सहितको स्मारक निर्माण गर्नु उपयुक्त हुनसक्छ। हामी उहाँको बारेमा थप जानकारी संकलन गर्न खोजिरहेका छौं।

भुलेनी पोष्ट
साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com

# जिल्लामा पाँच राजनीतिक दलको गठबन्धन गर्ने घोषणा

**गिता गौतम**
**झुलेनी पोष्ट प्यूठान**



२०७९ बैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनमा प्यूठानमा पाचँ दलिए चुनावी गठबन्धन हुने भएको छ । सोमबार जिल्लाका विभिन्न पाचँ राजनीतिक दलहरुले प्रेस विज्ञप्ती जारी गर्दै पाँच दलको केन्द्र र प्रदेशको निर्देशन अनुसार स्थानीय स्तरमा गठबन्धनबिच आपसी सहकार्य र समझदारी गरेर अघि बढ्ने जनाएका हुन । जसमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय जमोर्चा, नेकपा एकीकृत समाजवादी, र जनता समाजवादी पार्टीले चुनावी गठबन्धन गर्ने भएका हुन ।

नेपाली काँग्रेसका सभापती विष्णुकुमार गिरी, नेकपा माओवादी केन्द्रका ईन्चार्ज नारायण अधिकारी, राजमोका अध्यक्ष कृष्ण खड्का, नेकपा एकीकृत समाजवादीका अध्यक्ष भोजविक्रम बुढामगर, र जसपाका अध्यक्ष श्याम गहतराजद्धारा संयूक्ति हस्तारक्षित प्रेस विज्ञप्तीमा स्थानिय तहको निर्वाचनमा पालिका स्तर देखी वडा तह सम्म एक भएर अगाडी बढ्ने निणर्य गरेको घोषणा सार्वजनिक भएको हो ।

# शिक्षक महासंघको विज्ञप्ती प्रति एमालेको ध्यानाकर्षण

**झुलेनी पोष्ट**
**प्यूठान**

जनकल्याण आधारभूत विद्यालय मल्लरानी ३ चौथिलगाउने मुण्डाँडाको विवादित प्रधानाध्यापकको विषयमा शिक्षक महासंघ मल्लरानी गाउँपालिकाले निकालेको विज्ञप्ती प्रति नेकपा (एमाले)ले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ । नेकपा (एमाले) मल्लरानी गाउँपालिकाले एक विज्ञप्ती जारी गर्दै उक्त विषयमा आफ्नो ध्यानाकर्षण भएको जनाएको हो। गाउँपालिकाका अध्यक्ष सुनिल शाही (लेकाली)द्धारा हस्ताक्षरित विज्ञप्तीमा नेकपा (एमाले) मल्लरानी गाउँपालिका सचिव नोमराज पौडेललाई जोडेर नेपाल शिक्षक महासंघ मल्लरानी गाउँपालिका समितीले निकालेको विज्ञप्ती प्रति आफ्नो पार्टीको गम्भिर ध्यानाकर्षण भएको उल्लेख छ। पार्टीका सचिव नोमराज पौडेलले आफ्नो स्थानिय विद्यालयको विषयमा प्रधानाध्यापकका कारण सिर्जना भएको समस्याको विषयमा सामाजिक सञ्जालमा राख्नु, मिडियामा आउनु स्वभाविक भएको बताएका छन ।

विद्यालयको प्रधानाध्यापकले विधि र पद्धति नै मिचेर पार्टीको कार्यक्रता बनेर विद्यालय चलाएको विषय त्यहाँको घटनाक्रमबाट पुष्टि हुने भन्दै शिक्षक महासंघले शिक्षकलाई समस्या समाधानमा सुझाव दिनुको साटो ढाकछोप गरि विज्ञप्ती निकालेर बिद्यालयको समस्यालाई जटिल बनाउने वातावरण सिर्जना गरेको आरोप लगाएको छ ।

शिक्षा क्षेत्रमा रहेका ३ जना बिज्ञहरुले नतिजा प्रकाशन गरि कार्यालय सहयोगी पदमा सिफारिस भई सुचना पार्टीमा सुचना टाँस गरि दैनिक रुपमा विद्यालयमा गएका कार्यालय सहयोगीको विषयमा शिक्षक महासंघ नबोल्नु निकै पुर्वाग्रहपुर्ण र गम्भिर विषय भएको विज्ञप्तीमा उल्लेख छ । विद्यालय सहयोगी जस्तो सवेदनशिल पदमा महिनौं विबाद प्रधानाध्यापकले गरेर सफल उम्मेद्वारलाई हाजिर नगराई अमानविय व्यवहार प्रकट गरेको विज्ञप्ती मार्फत ठहर गरेको छ ।

विद्यालयको सामाजिक परिक्षण तथा लेखा परिक्षण गर्न गराउन नसक्नु ,प्रधानाध्यापक भएको करिव १ बर्ष सम्म बैंक खाता बदल्न नसक्नु , ३ जना छनौट समितिले नतिजा प्रकाशन गर्दा प्रधानाध्यापकले हस्ताक्षर नगर्नु, अध्यक्षको अपमान गर्नु, अध्यक्षको निर्देशन नमान्नु , अभिभावक भेला नबोलाउनु, बालबालिकालाई कार्यालय सहयोगीले गर्नुपर्ने काम लगाउनु र गैर जिम्मेवारीपुर्ण व्यवहार प्रकट गरेर असक्षमता प्रकट गरेकोले राजिनामा समेत मागेको छ ।


**कृषि तथा तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस**

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला ।

व्यवस्थापक :कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।


## छोटकरी

# प्यूठानका सुवेदी साउदी अरबको राजदूत सिफारिस

**झुलेनी पोष्ट**
**प्यूठान**

सरकारले साउदी अरबका लागि नेपाली राजदूतमा नवराज सुवेदीलाई सिफारिस गरेको छ । प्युठान नगरपालिका वडा नंवर ४ टारी घर भएका सुवेदी जनता समाजबादी पार्टीको कोटाबाट साउदी अरबको लागि राजदुतमा सिफारिस भएका हुन । राष्ट्रिय जनमोर्चा हुँदै माओवादी र नयाँ शक्तिपछि जनता समाजवादी पार्टीमा रहेका नवराज सुवेदीलाई सरकारले राजदूतमा सिफारिस गरेको हो । नेकपा मसालसँग आबद्ध भएर लामो समय काम गरेका सुवेदी २०५६ सालमा प्युठान क्षेत्र नम्बर २ बाट राष्ट्रिय जनमोर्चाको तर्फबाट सांसद समेत बनेका थिए । नेकपा मसाल र एकताकेन्द्रबीच एकता र फूटपछि भने उहाँ माओवादीमा प्रवेश गरेका थिए । बाबुराम भट्टराई माओवादी पार्टीबाट अलग भएपछि उनी नयाँ शक्तिमा सक्रिय थिए। सुवेदी हाल जनता समाजवादीको केन्द्रीय कार्यकारिणी सदस्यको जिम्मेवारीमा छन । बिहीबार बसेको मन्त्रिपरिषद बैठकले ८ जना परराष्ट्र सेवाका र १२ जना राजनीतिज्ञ गरी २० जनालाई राजदूतमा नियुक्त गर्न सिफारिस गरेको हो ।


# नारिकोटमा मृत अवस्थामा शव फेला

**झुलेनी पोष्ट**
**प्यूठान**

गौमुखी गाउपालिका ७ नारिकोटमा एकजनाको मृत अवस्थामा शव फेला परेको छ । अन्दाजी ४५ वर्षका स्थानीय धन बहादुर रोका शनिबार राति मृत अवस्थामा भेटिएका हुन । चैते दशैको निम्तोमा गौमुखि गाउपालिका ५ खुङ्मा निम्तो खाएर फर्केका रोका बेलुका साँझसम्म दशमुरे-ढ्वाटमा देखेको स्थानीयले बताए । राति अबेरसम्म उनी घर नफर्के पछि स्थानीय र घरपरिवारले खोजतलास गर्न भनी गएका थिए ।

बाटैबाटो खोजतलास गर्ने क्रममा उनी ढ्वाटेखोला नजिकै मृत भेटिएका हुन । गाउँघरमा उनको कसैसँग रिसबि नभए पनि घटनाको प्रकृति हेर्दा शंकास्पद रूपमा हत्या गरिएको उनका आफन्तको आरोप छ । बाटो देखि केही तल लडेका उनि घोप्टो अवस्थामा फेला परेका हुन । अहिले प्रहरी र स्थानीय घटना स्थल पुगि उनको उद्धार कार्य जारि रहेको स्थानीय कोमल पुरीले जानकारी दिए। उनको पोष्टमार्टमका लागि प्युठान अस्पताल ल्याउने तयारि भइरहेको उनले बताए । सुनियोजित रूपमा हत्या भएको भन्दै स्थानीय र मृतकका आफन्तले प्रहरी प्रशासनलाई सत्य तथ्य छानबिनका लागि अनुरोध गरेका छन ।

# विप्लवको पार्टी प्यूठानमा चुनाव लड्ने निश्चित



प्रेस- वक्तव्य

आज मिति २०७८/१२/२५ गते माण्डवी गा.पा. मा क्रियाशील राजनैतिक दलहरु बीच बसी २०७९ बैशाख ३० गते हुने स्थानीय चुनाव मा दलिय अस्तित्व स्वीकार गर्ने गरी गठबन्धन सहित एक ढिक्का भएर जाने कुरामा सहमती साथ प्रेस-वक्तव्य जारी गरेका छौं ।

१) नर बहादुर खत्री - अध्यक्ष माओवादी के.न्द्र
२) खेम राज [illegible] - उप-सभापती - नेपाली कांग्रेस
३) शंकर [illegible] - अध्यक्ष - [illegible]
४) हरि वस्नेत - इन्चार्ज - ने.क.पा.

**झुलेनी पोष्ट**
**प्यूठान**

नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा प्यूठान जिल्लामा चुनावमा सहभागि हुने भएको छ । उक्त पार्टीले माण्डवि गाउँपालीकामा स्थानीय तहको निर्वाचनका लागी माओवादी केन्द्र, काँग्रेस र राष्टिय जनमोर्चा (चित्रवहादुर समुह) संग तालमेल गर्ने सहमती गरेको छ । सबै पार्टीको सहअस्तित्व स्विकार गर्नेगरी आगामी निर्वाचनमा सहकार्य गर्ने सहमती भएको नेकपाका नेता हरि वस्नेतले वताए । स्थानीय अनुकुलतामा गठवन्धन गर्ने तयारी रहेको उनले वताए ।

**नगरबासीलाई अनुरोध**

## व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०७९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटे को ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं, गराऔं ।

अनुरोधक
**प्यूठान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# घरमा पार्किन्सन्सका बिरामी छन? यी कुरा ख्याल गरौं

मांसपेशीको लचिलोपन कम भएर शरीर राम्रोसँग नचल्ने स्थितिलाई पार्किन्सन्स भनिन्छ । सामान्यतया बुढेसकालमा लाग्ने यो रोग विशेषगरी ६०-६५ वर्षको उमेरमा हुने गर्छ। ३ सय वर्ष पहिला डा.पार्किन्सन्सले यो रोग व्याख्या गरेका थिए। विश्वमा झन्डै ५० लाखभन्दा बढी व्यक्तिमा यो समस्या रहेको अनुमान गरिएको छ। यो रोग महिलाको दाँजोमा पुरुषमा दुई गुणा बढी लाग्ने सम्भावना रहेको अध्ययनले देखाएको छ। विशेषगरी वृद्धावस्थामा यो समस्या देखिने भए पनि ३०-४० वर्षका व्यक्तिहरु पनि पीडित भएका पाइन्छन्।

नेपालमा यस रोगका बिरामी कति छन् भन्ने तथ्यांक छैन । यस रोगमा मस्तिष्कको कार्यमा गडबडी आई मांसपेशीको गतिमा अवरोध हुन्छ। मस्तिष्कमा भएको स्नायुकोषले डोपामाइन नामक महत्वपूर्ण रसायन उत्पादन गर्ने गर्छ। यसले मस्तिष्कमा आवश्यक संकेत तथा निर्देशन पठाई शरीरका विभिन्न भागका मांसपेशीको गति नियन्त्रण गर्ने काम गर्छ। साधारण अवस्थामा मस्तिष्कबाट प्राप्त निर्देशनअनुसार मांसपेशीको गतिमा नियन्त्रण भई शरीरका विभिन्न अंगले सन्तुलित कार्य गर्न सक्छन्। तर पार्किन्सन्स भएपछि स्नायुकोष निस्क्रिय हुने भएकाले डोपामाइन रसायन बन्न सक्दैन। यसले गर्दा व्यक्ति सुस्त हुँदै जाने, काम गर्न नसक्ने, सीधा उठ्न नसक्ने, हात-खुट्टा काँप्ने, मांसपेशीको लचिलोपना कम हुने तथा बाउँडिने, हिँड्डुल गर्न नसक्ने वा लड्ने, लेख्ने क्षमतामा कमी हुँदै जाने, स्वरमा परिवर्तन हुने, खाना सर्कने आदि समस्या आउन सक्छ। यो समस्याबाट देखिने लक्षण पनि व्यक्तिअनुसार फरक-फरक हुन सक्छ। कसै-कसैमा सामान्य प्रकारको मात्र लक्षण देखिने हुन्छ तर




कसैमा जटिल प्रकारको समस्या हुन्छ र व्यक्ति निष्क्रिय जीवन व्यतित गर्न बाध्य हुन्छ। मुख्य रूपमा मष्तिस्क स्नायुकोषको खराबीका कारण पार्किन्सन्सको समस्या हुन्छ। तर, टाउकोमा लागेको चोटपटक, वंशाणुगतलगायत कारणले गर्दा पनि यो रोग हुन सक्ने अध्ययनले देखाएको छ। विशेषत हातखुट्टा थरथर काँप्ने, मांसपेशीको लचिलोपना कम हुने, शरीरको गतिमा कमी आउने, हिँड्न गाऱ्हो हुने, शरीरको सन्तुलन कायम राख्न गाऱ्हो हुने, अनुहारको मांसपेशी कडा हुने यस अवस्थामा देखिने लक्षण हुन्।

यी लक्षँणबाहेक चिन्ता वा तनाव बढ्ने, स्मरणशक्ति घट्दै जाने, धेरै वर्षदेखि कब्जियत हुने, मुख सुख्खा भई निल्न गाऱ्हो हुने, सुँघ्ने क्षमतामा कम हुँदै जानेजस्ता अन्य लक्षणसमेत देखिन सक्छन्। यो रोग के कारणले भएको हो भन्ने हालसम्म पनि निक्यौंल हुन सकेको छैन। यस विषयमा अनुसन्धानहरू भैरहेका छन्। विशेषगरी जेनेटिक कारण, कसै-कसैलाई केमिकलका कारणले हुनेगर्छ। प्राय पार्किन्सन्स हुने बिरामीमा कारण पत्ता लागेको हुँदैन। त्यसकारण यसलाई 'इडियोप्याथिक पार्किन्सन्स डिजिज' पनि भनिन्छ। पाकिन्र्सन्स सँगसँगै कसै-कसैलाई डिमेन्सीया (बिर्सने समस्या) पनि हुने गर्छ।

सामान्यतया बुढेसकालमा लाग्ने रोग भएकाले यसलाई सामान्यरुपमा हेरिएको पाईन्छ। किनभने बृदावस्थासँगै हातखुट्टा काँप्ने, हिँड्डुल गर्न नसक्ने, स्मरणशक्ति कम हुने हुदा जस्ता लक्षण हुनाले यसलाई सामान्यरुपमा लिएको पाईन्छ। तर यो एक किसिमको रोग हो भन्ने धेरैलाई थाहा हुँदैन। यो रोग पूर्णरुपमा निको हुँदैन। यसका लागि औषधि नै प्रमुख उपचार भएपनि बिरामीको दैनिक भोजन पोषिलो एवम् सन्तुलित हुन नितान्त आवश्यक हुन्छ। बिदेशमा पार्किन्सन्सको शल्यक्रिया समेत गरिन्छ। जसलाई डिप ब्रेन्स स्टुमिलेसन भनिन्छ।

**पार्किन्ससका बिरामीले के कुरामा ध्यान दिने?**

पार्किन्सन्स भइसकेका बिरामीलाई विशेषगरी लड्नबाट बचाउनु पर्छ। त्यसकारण कोठाहरुमा ठोक्किने ठाउँहरु राख्न हुँदैन। भित्ताहरु तथा भुईमा बाक्लो म्याट तथा अन्य वस्तु राख्न सकिन्छ। शौचालय जाँदा विशेष ध्यान दिन आवश्क हुन्छ। पार्किन्सन्का बिरामी जुनसुकै बेलामा पनि लड्न सक्ने खतारामा हुन्छन्। त्यसैले उनीहरुको विशेष हेरचाह गर्न आवश्यक हुन्छ। यदि लडेर फ्याक्चर भएमा निको हुन धेरै नै समस्या हुन्छ।

बिरामीलाई खाना खान र निल्न गाऱ्हो हुने भएकाले नरम खाना खुवाउनु पर्छ, कहिलेकाँही ट्यूबको सहायतासमेत लिनुपर्ने हुन्छ। खाना खाने समयमा निल्न गाऱ्हो हुने भएकाले सर्केर निमोनिया भई मृत्यु पनि हुनसक्छ। त्यसकारण बिरामीलाई खाना खुवाउँदा विशेष ध्यान दिनुपर्ने हुन्छ।

बिरामी एक्लैलाई खुवाउनुभन्दा परिवारको साथमा राखेर खुवाउँदा बिरामी रमाउनुका साथै खानाप्रति रुची पनि बढ्छ। यदि बिरामीलाई खाना चपाउन र निल्न गाऱ्हो छ र खानाप्रति रुची पनि कम छ भने चपाउन र निल्न सजिला हुने किसिमको परिकार दिनुपर्छ। उनीहरुले धेरै कुरा बिर्सन सक्ने भएकाले परिवारले यस्ता कुराहरुमा पनि ध्यान दिन आवश्यक हुन्छ। रोगको अवस्था अनुसार समय समयमा चिकित्सकको सल्लाह लिन आवश्यक छ।

-डा पंकज जलान

**(न्यूरो फिजिसियन डा जलान नर्भिक इन्टरनेशनल हस्पिटलमा कार्यरत छन)**

## श्रीलंकाबाट...

***घटाएर सर्वसाधारणलाई रोजगारी दिनुपर्छ ।***

खासमा हाम्रो देश कसरी चलिरहेको छ भन्ने बारेमा सर्वसाधारणलाई जानकारी दिने गरिएको छैन । आफ्नै राजश्वले वार्षिक खर्च धान्ने अवस्थामा हामी छौं कि छैनौं ? चालु खर्च कसरी धानिइरहेको छ ? अनुदान र ऋणबाट चलिरहेको विकास खर्चमा भ्रष्ट्राचार हुँदा त्यसको प्रत्यक्ष असर जनतालाई पर्छ । वैदेशिक ऋणलाई हामीले उद्योग-धन्धामा किन लगानी गर्न सकेनौं/सकिरहेका छैनौं ? अहिले स्थानीय निर्वाचनका लागि म्यादी प्रहरीमा युवाको लाइनले आँखा रसाउँछ। ती युवाहरूलाई प्रत्येक जिल्लामा कुनै न कुनै उद्योग स्थापना गरेर काम दिन राज्यलाई केले रोकेको छ ? अब राज्यको खर्च घटाएर सर्वसाधारणलाई रोजगारी दिनुपर्छ । खर्च घटाउने बारेमा सोचौं। के हामीलाई यतिका कर्मचारी आवश्यक छ ? विभिन्न नामका आयोगहरूलाई एउटै बनाएर शाखा छुट्याएर काम गर्दा के हुन्छ ? विभिन्न प्रदेशमा यति धेरै मन्त्री किन चाहियो ? प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्रीहरूका सल्लाहकार र सहयोगीहरू धेरै भएनन् ?

अन्त्यमा, श्रीलङ्काबाट सिक्नुपर्ने पाठ- भ्रष्टाचारमुक्त राजनीतिक नेतृत्व, पाएँ भन्दैमा भकाभक ऋण नलिने, सङ्घीयताको सवालमा घाँटी हेरेर हाड निल्ने, लिएको ऋणलाई उत्पादन हुने ठाउँमा लगानी गर्ने। तलब, घरभाडा जस्ता कुरामा ऋणको प्रयोग नगर्ने । देशको आर्थिक अवस्था के हो भन्ने बारेमा बेला-बेलामा सरल भाषामा जनतालाई जानकारी दिने, बुझाउने। 'बजेट भाषणमा भन्ने गरेकै छ नि' भन्न सकिएला तर बजेटमा उल्लेख गरेर मात्र कर्तब्य पूरा हुँदैन। प्रत्येक वर्ष बजेट छुट्याइएका परियोजनाहरू किन बनेनन् ? भन्ने कुराको जवाफ पनि अब जनताले पाउनुपर्छ। बजेटका नाममा जवाफदेहिताबिनाका भाषण अब नगरेकै राम्रो।

**टाईफाइड रोग विरुद्धको खोप सम्बन्धी सुचना**

प्यूठान जिल्लामा यही २०७८ साल चैत्र महिनाको २५ गतेदेखि सबै पालिका अन्तर्गतका सबै वडाहरुमा टाईफाइड रोग विरुद्धको खोप अभियान सञ्चालन हुँदैछ । यस अभियानमा १५ महिना देखि १५ वर्ष मुनिका सबै बालबालिकालाई टाईफाइड रोग विरुद्धको खोप लगाइँदैछ । यस अभियानमा आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर नछुटाई टाईफाइड रोग विरुद्धको खोप लगाउनु हुन अनुरोध छ । यो अभियानमा तोकिएको मितिमा आफ्नो स्थानीय तह वा वडा अन्तर्गतको विद्यालय तथा स्वास्थ्य संस्थामा सञ्चालन हुने खोप केन्द्रमा लगि बालबालिकालाई खोप लगाऔं ।

नोट : थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**अनुरोधक :**
**स्वास्थ्य कार्यालय प्यूठान**

**लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं**

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जवरजस्ती करणी र मानसिक तथा शारीरिक यातना अपहेलना र धम्काउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानुनी अपराध हुन् । कोहि कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सिमी लगाउने उपयूक्त समय कहिले हो: यसको खेती कसरी गरिन्छ ?

सिमी दुई किसिमका हुन्छन्

**झ्यागे सिमी र लहरा जाने सिमी**

झाँगे सिमीको लहरा जाँदैन, तर लहरे सिमीको लहरा हुने हुँदा यसको खेतीको लागि थाँको हाल्नुपर्छ । यी किसिमका सिमीलाई फ्रेन्च सिमी मानिन्छ । घ्यू सिमी लहरे सिमी हो । यसको उत्पत्ति दक्षिण अमेरिकाबाट भएको मानिन्छ । यसमा प्रशस्त मात्रामा प्रोटिन भिटामिन ए अन्य खनिज तत्वहरू कार्बोहाइड्रेट पाइने भएकाले पौष्टिक दृष्टिकोणबाट बढि महत्वपूर्ण छ सिमीको हरियो कोसा तरकारी खानको लागि र सुकेको दाना दाल खानको लागि प्रयोग गरिन्छ ।



**हावापानी**

सिमीलाई गर्मी मौसमको आवश्यकता पर्दछ । यसलाई धेरै चिसो र तुषारोले नोक्सान पुयाउने हुँदा उच्च र मध्य पहाडी इलाकामा गर्मी याममा र तर ाई इलाकामा वर्षा याम र धेरै जाडो याम बाहेक अरु समयमा यसको खेतीगर्न सकिन्छ । धेरै गर्मी र सुख्खा याममा यसको फूल र साना कोसाहरू झर्छन। कोसा लाग्ने उचित तापक्रम १५/२१ डि।से। हो। पानी जम्ने जग्गामा यसको खेती राम्रो हुँदैन ।

**माटो**

यसको खेती सबै किसिमको माटोमा गर्न सकिन्छ तापनि अगौटे बालीको लागि बलौटे दुमट अन्तर बालीको लागि दुमट चिम्टिलो माटो उत्तम हुन्छ ।

**जम्मा तयारी**

२ र ३ पटक राम्ररी खनजोत गरी डल्ला फोर्ने र पानी नजम्ने मलखाद सतह मिलाउनुपर्छ।

**मलखाद**

२०/२५ डोको राम्ररी कुहिएको गोठेमल अथवा कम्पोष्ट मल, २ किलो फोस्फोरस, ३ कालो पोटास र किलो नाइट्रोजन प्रतिरोपनीका दरले जग्गा खनजोत गर्दा राम्ररी माटोमा मिलाउनुपर्छ। यो पनि कोसेबाली भएकाले यसले ब्याक्टेरियाको सहायताबाट जरामा नाइट्रोजन जम्मा गर्छ। त्यसैले नाइट्रोजनयुक्त मल टपड्रेस गर्नु पर्दैन ।

**लगाउने समय र तरिका**

यसलाई विभिन्न इलाकामा निम्न समयमा लगाउनुपर्छ । लाईन मिलाएर सो बीउ रोप्नुपर्छ ईलाका बीउ छर्ने समय बाली लिने समय उच्च पहाड चैत्र/वैंशाख/असार/भाद्र

**मध्य पहाड**

माघ/वैंशाख

**बीउ रोप्ने दुरी**

सारको फरक १२० से।मि। बोटको फरक २०/३० से.मि.

**थाँक्रो दिने**

घ्यू सिमी लहरे बाली भएकाले थाँक्रो दिनुपर्छ थाँक्रो दिदा बाँसको भाटा, निगाला अथवा रुखको हाँगाले चौको दिनुपर्छ ९चित्र नं. १९० वर्षामा घ्यू सिमी रोप्दा १२० से.मि. को फरक पारी इसाइ उठाउने र ड्याडको छेउमा लाईन मिलाई बीउ रोप्ने र बीउ उम्रेपछि चित्रमा देखाएजस्तै बाँसको भाटा अथवा रुखको हाँगाले थाँक्रो दिनुपर्छ ।

**सिचाई र गोडमेल**

बीउ रोप्नुभन्दा पहिले खेतबारीमा पानी पटाउने र राम्रो चिस्यान भएको माटोमा बीउ रोप्नुपर्छ । त्यसपछि आवश्यकता अनुसार सिंचाई गर्दै जानुपर्छ । झारपात पलाएमा कुटो अथवा कोदालोले हल्कासँग खनेर गोड्नुपर्छ ।

**बाली लिने**

बीउ रोपेको ६०/७० दिनमा हरियो कोसा टिपेर तरकारी खान सकिन्छ । बाली अवधिभर पटक/पटक हरियो कोसा टिप्नुपर्छ।

**उत्पादन**

२००/३०० किलो हरियो कोसा प्रतिरोपनी उत्पादन हुन्छ ।

**बाली संरक्षण**

सिमीलाई लाग्ने रोगहरूमा मोजेक भाइरस, एन्थोकनोज सिन्दुरे र कोसा डढने आदि हुन् । मोजेक भाइरस लागेमा रोकथाम गर्न रोगी बोटहरू उखेल्ने र रोग नलाग्ने जात रोप्ने, सिन्दुरे रोग रोकथाम गर्न केराथेन औषधि छर्ने र कोसा डढ्ने रोग रोकथाम गर्न बेभिष्टिन औषधिले बीउ उपचार गरी बीउ रोप्नुपर्छ । यसलाई लाग्ने कीराहरूमा लाही र कोसा प्वाल पार्ने लाभे हुन् लाहीलाई र लाभेलाई मालिथियन झोल औषधि छरी नियन्त्रण गर्न सकिन्छ ।

**जात**

घ्यू सिमीको जात केन्टकी वन्डर नेपालमा प्रचलित छ। यसको लहरा जान्छ र मोजेक भाइरस रोग लाग्दैन यसका साथै चौमासे सिमी हालका दिनमा निकै प्रचलित जात हो जसको खेती नेपालको मध्य पहाडी क्षेत्रमा वर्षमा दुइपटक गर्न सकिन्छ ।

**स्रोत: तरकारी बाली विकास केन्द्र, खुमलटार ललितपुर ।**


"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

## सम्पूर्ण नगरबासीमा प्यूठान नगरपालिकाको अपिल

**फोहोर व्यवस्थापन सन्देश :**

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाउँ ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कत्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५००, दोश्रो पटक भए रु.१००० र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३००० जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

अनुरोधक :
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
विजुवार, प्यूठान



## सडक डिभिजन कार्यालय जस्पुर प्यूठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिय मर्मत संभार गरौं, कार्यालयलाई खबरगरौं ।
५) सडक आसपास क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी, ननिकालौं ।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

**विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।**

**अनुरोधक : सडक डिभिजन कार्यालय जस्पुर, प्यूठान ।**

## गाउँपालिकाबासीलाई अनुरोध

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०७९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

अनुरोधक
**ऐरावती गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बरौला प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०७९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

अनुरोधक
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०७९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

**अनुरोधक : सरुमारानी गाउँपालिका बड्डाँडा प्यूठान**

## स्वास्थ्य मापदण्डको पालना गरौं ।

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# भ्रुणहत्या अपराध हो

- लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
- त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
- छोरा र छोरी दुबैको जीवन सुरक्षित गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिकाबासीलाई अनुरोध

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०७९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान